
नोभल कोरोना भाईरस (कोभिड–१९) महामारीको परिवेशमा

# बाल संरक्षणका कार्यहरू

(स्थानीय सरकारले गर्न सक्ने ब्यबहारिक कार्यहरू)



NCAP

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN

DESTINATION UNKNOWN

## नोभल कोरोना भाईरस (कोभिड-१९)

# महामारीको परिवेशमा बाल संरक्षणका कार्यहरू

(स्थानीय सरकारले गर्न सक्ने ब्यवहारिक कार्यहरू)



# नोभल कोरोना भाईरस (कोभिड–१९) विश्वव्यापी महामारी

## परिचय :

कोभिड–१९, भाईरसबाट हुने संक्रमणका कारण लाग्ने एक प्रकारको बिमारी हो । यस भाईरसको संक्रमण सन् २०१९ देखि नै फैलन  थालेको हो । विशेष गरी श्वासप्रश्वास प्रक्रियामा असर पार्ने यो रोग हाल आएर विश्वव्यापी महामारीको रूपमा  विश्वका २१५ देश र स्थानमा फैलिसकेको छ । कोभिड–१९ को पुरा रूप पनि कोरोना भाइरस रोग (Corona Virus Diseas) हो र मानिसहरूले चलनचल्तीमा कोरोना भाइरस भनी बुझ्ने गर्दछन् ।

यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन । यस भाइरसले सामान्य रूघाखोकीदेखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ । कोभिडको संक्रमणबाट मानीसहरूलाई ज्वरो आउने, सास फेर्न असजिलोहुने र खोकी लाग्ने गर्दछ । झट्ट हेर्दा कोरोना भाईरसबाट संक्रमितमानिसहरूमा सामान्य रूघा खोकी लाग्दा देखा पर्ने लक्षणहरू नै देखिने गर्दछ । तर सबै रूघा खोकी लागेका, ज्वरो आएका वा सास फेर्न समस्या भएका मानिसहरूलाई कोरोना संक्रमण भएको हुँदैन । साच्चै कोरोनाको संक्रमण भएको हो कि होइन ? भनी थाहा पाउन यसको  को परीक्षण सुविधा भएका अस्पतालहरूमा जाँच गराउनु पर्दछ ।

कोभिड–१९ संक्रमित मानिसको प्रत्यक्ष सम्पर्कमा आएमा, उसले खोक्दा, हाच्छिउ गर्दा निस्कने छिटाहरूबाट वा कोरोना भईरस कुनै कारणबस रहेका बस्तु तथा चिजहरूको सतहमा कसैले छोए चलाएमा र सोही हातले आफ्नो नाक आँखा मुख चलाएमा अर्को मानिसमा सर्न सक्छ । तर मानिसहरूसँग निश्चित दुरी कायम राखेमा, हिंड डुल गर्दा, भेटघाट कुराकानी गर्दा, बजारमा सामानहरू किन्न वा बेच्न जाँदा मास्क, पञ्जाहरू लगाएमा, कोरोना भाइरस हुन सक्ने घरका सामानहरू जस्तै टेबल कुची आदिलाई निर्मलीकरणका रसायनहरू प्रयोग गरी सफा गरेमा यो भाइरसको संक्रमणबाट बच्न सकिन्छ ।

कोभिड–१९ को संक्रमण जो कसैलाई पनि हुन सक्छ । विशेष गरी उमेर पुगेका ज्येष्ठ नागरिक, कुपोषण भएका व्यक्तिहरू, सरसफाई पर्याप्त नभएका स्थानहरूमा बस्ने वा काम गर्नेहरू, पहिल्यै कुनै रोग लागेर उपचारमा रहेका व्यक्तिहरू आदि बढी जोखिममा रहेका समूह हुन् ।

कोभिड–१९ को संक्रमण हुने बित्तिकै मानिसहरूको मृत्यु हुँदैन । विश्वभर संक्रमण, मृत्यु र निको हुने अवस्थालाई हेर्ने हो भने संक्रमिकहरूमध्ये कमै मात्र मानिसहरूको मात्र मृत्यु भएको छ । नेपालमा त झन हालसम्मको तथ्याङ्क हेर्दा एकदमै कम मात्र व्यक्तिको मात्र मृत्यु भएको छ भने धेरै मानीसहरू निको भएर घर फर्किएका छन् । स्वस्थ खानपान, पर्याप्त सरसफाई, क्वारेन्टाइनको ठीक र पुरा प्रयोग, आत्मबल र स्वास्थ्यकर्मीको सल्लाह अनुसार औषधि उपचार गर्दा कोभिड–१९ परिवार र समुदायमा फैलन पाउँदैन भने आफू पनि निको हुन सकिन्छ ।

कोभिड–१९ सँग बच्नका लागि कोरोना भाईरसको संक्रमण सम्बन्धी स्वास्थ्य नियमहरूको पालना गर्नु र शंका लागेमा तुरून्तै स्वास्थ्य संस्थामा गई जाँच गराउनु नै एक मात्र तरिका हो ।

## कोभिड–१९ ले निम्त्याएको मानवीय संकट

कोभिड–१९ स्वास्थ्य संक्रमणको संकट भए पनि यसको विश्वव्यापी महामारीको रूप र यसबाट बच्नका लागि अपनाइएका उपायहरूका कारण विभिन्न मानवीय संकट जोखिमताहरू पनि पैदा भएका छन् ।

विशेष गरी मानिसहरूको आवागमनमा लागेको सिमीतता र बन्देज, समूहमा भेला हुन नमिल्ने परिस्थिति, सामाजिक भेटघाट तथा क्रियाकलापहरू रोकिनाले सामाजिक प्राणी मानिसहरूलाई असहज परिस्थिति निर्माण भएको छ । यसका कारण मानसीक तनावहरू पैदा हुने, निराशा छाउने र नकारात्मक सोचहरू उत्पन्न हुन सक्छन् । यसले गर्दा परिवार, समुदायमा फरक र असहज अवस्थाहरू पनि आउन सक्दछ ।

अर्कोतर्फ लकडाउनका कारण मानिसहरूको दैनिक रोजगारी, पेशा, व्यवसायहरू प्रभावित भएका छन् । विशेष गरी अनौपचारिक क्षेत्रका श्रमिकहरू, साना व्यवसायीहरू, साना उद्यमीहरू र निजी क्षेत्रमा काम गरिरहेका श्रमिकहरूले रोजगारी गुमाउनुपर्दा एकातर्फ आम्दानी भइरहेको छैन भने अर्कोतर्फ दैनिक बढिरहेको खर्चका कारण आर्थिक संकटको दोहोरो मर्कामा परिरहेका हुन सक्छन् ।

त्यसैगरी विभिन्न सामाजिक सञ्जाल, कतिपय सञ्चार माध्यमहरूबाट र समुदायमा हुने गफगाफ र कुराकानीका माध्यमबाट कोभिड–१९ कै बारेमा पनि विभिन्न भ्रमपूर्ण समाचार, सूचनाहरू, नकारात्मक सन्देशहरू फैलिरहेको हुन्छ । यस्तो अवस्थामा मानिसहरूको संकटपूर्ण अवस्थामा फाइदा उठाउनेहरू पनि त्यत्तिकै सक्रिय हुन्छन् । मानिसहरूमा भय र त्रासको वातावरण रहेको हुन्छ । मानिसहरू के सत्य हो ? के भ्रम हो ? भन्ने छुट्याउन सकिरहेका हुँदैनन् ।

यस्तो परिवेशमा आर्थिक संकट, सामाजिक दुरी, व्यक्तिगत तनाव तथा मनोसामाजिक समस्या र भ्रम र हल्लाका कारण विभिन्न अन्य संकट र समस्याहरू पैदा हुन सक्छ । यस प्रकारको नकारात्मक प्रभावबाट सबैभन्दा बढी समुदायमा रहेका गरिब, बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू प्रभावित हुन सक्छन् । यसतर्फ हामी सबै सचेत, संवेदनशिल र जिम्मेवारीपूर्वक व्यवहारहरू गर्न जरूरी छ ।

## कोभिड–१९ र बाल संरक्षण

कोभिड–१९ को संक्रमण र संक्रमण रोक्नका लागि चालिएका विभिन्न कार्यहरूले बालबालिकालाई संरक्षणको जोखिममा धकेलीरहेका हुन्छन् । बन्दाबन्दी (लकडाउन), विद्यालय बन्द हुँदा, आर्थिक संकट तथा अनिवार्य सामाजिक दुरीका कारण बालबालिका सामुदायिक तथा पारिवारिक संरक्षण गुमाउने वा त्यस्ता संरक्षणका व्यवस्थाहरू कमजोर हुनजान्छ । यसका साथै समाजमा रहेको लैंगिक, जातीय, आर्थिक विभेद एवं कोभिड–१९ संक्रमित तथा उक्त क्षेत्रमा कार्य गर्नेहरूप्रति हुने सामाजिक लाञ्छनाका कारण बालबालिका मानसिक र शारीरिक दुवै किसिमका जोखिममा रहेका हुन्छन् ।

कोभिड–१९ को महामारी रोकथाम पश्चात पूर्नर्लाभ एवं सामाजिक जीवनयापन नियमित हुने क्रममा पनि बालबालिका थप जोखिममा रहेका हुन्छन् । कोभिड–१९ का क्रममा अपनाइएका व्यवस्थाहरूले

आर्थिक तथा पारिवारिक जीवनमा पारेका प्रभाव, व्यक्तिगत दैनिक क्रियाकलापहरूमा आएको फेरबदलका कारण बालबालिका अत्यन्तै जोखिममा रहेका हुन्छन् ।

तलको तालिकामा कोभिड-१९ संक्रमण र पुनर्लाभ तथा पूनर्स्थापनाका चरणमा हुनसक्ने बाल संरक्षणका प्रमुख सवालहरू प्रस्तुत गरिएको छ :

| तालिका १ : कोभिड-१९ संक्रमण महामारीको अवस्थामा |
|---|
| वयस्कहरू आफ्नो तनावलाई सही ढंगले व्यवस्थापन गर्न नसक्दा त्यसको शिकार बालबालिका माथि शारीरिक तथा मानसिक हिंसामा रूपान्तरण भएको हुन सक्छ । विशेष गरी अपाङ्गता भएका, श्रममा संलग्न एवं एकल अविभावक र गरिबीमा रहेका बालबालिका यसको उच्च जोखिममा रहेका हुन्छन् । |
| श्रममा संलग्न भएका बालबालिकालाई लकडाउनको बहानामा बन्दी बनाई अधिकतम श्रम शोषण गरिएको हुन सक्छ । विशेष गरी परिवारभन्दा बाहिर गई श्रममा संलग्न भएका बालबालिका यसको शिकार हुन सक्छन् । |
| बन्दाबन्दीका कारण रोजगारी गुमाई स्वदेश फर्कने, आफ्नै घर गाउँमा फर्कने व्यक्तिहरूका साथमा बालबालिका पनि हुन्छन् । जोखिमपूर्ण र कस्टकर यात्राका अवस्थामा बालबालिका शारीरिक, मानसिक तथा यौन दुर्व्यवहारको शिकार हुन सक्छन् । अर्कोतर्फ आफ्नै घर गाउँमा फरक परिवेशबाट आएका कारण घुलमिल हुन, साथी बनाउन तथा नयाँ सांस्कृतिक र सामाजिक व्यवस्थाहरू अपनाउन अप्ठेरो भई मनोसामाजिक समस्या सिजना हुन सक्छ । |
| यौन दुर्व्यवहार, हिंसा र शोषण अर्को गम्भीर जोखिम बालबालिकाले भोगिरहेका हुनसक्छन् । सामाजिक दुरी र सुरक्षा निकायहरू लकडाउन व्यवस्थापनका कार्यमा बढी संलग्न हुन परेको अवस्थामा बाल विवाह, जबर्जस्ती विवाह, किशोरकिशोरीहरू माझ असुरक्षित यौन व्यवहार, बालबालिकामाथि घर भित्रै वा छिमेक वरपर यौन दुर्व्यवहार, हिंसा तथा अनलाइनबाट बालबालिका माथि यौन हिंसाहरू भइरहेको हुन सक्छ । विशेष गरी आफूमाथि भएको गलत व्यवहारबारे खुलेर परिवारमा बोल्न नपाउने बालबालिका यस प्रकारको जोखिममा रहेका हुन्छन् । |
| अविभावकहरू वा स्वयं बालबालिकामा संक्रमणको शंका वा सुनिश्चित भएका कारण क्वारेन्टाइन एवं उपचारमा रहेको जानकारी समुदायमा भएमा उक्त बालबालिका तथा उक्त परिवारका बालबालिकाप्रति सामाजिक लाञ्छना, विभेद र बहिस्करण हुन सक्छ । |
| क्वारेन्टाइन सुविधाहरू बालमैत्री नभएका कारण, स्वास्थ्यकर्मी तथा सेवा प्रदायकहरू बाल संवेदनशिल नभएका कारण बालबालिकालाई क्वारेन्टाइनमा मानसिक तनाव लगायत अन्य जोखिममा हुन सक्छन् । |

तालिका २ : पुनर्लाभ तथा पुनर्स्थापनाका चरणमा रहेका बाल संरक्षणका सवालहरू

**बालश्रमका लागि बाल आप्रवासन:** कोभिड–१९ का कारणबाट उत्पन्न आर्थिक संकटलाई सम्बोधन गर्न परिवारका सबै सदस्यहरूले कुनै न कुनै आय आर्जन गर्नपर्ने अवास्था सिृर्जना भएको हुन सक्छ । कतिपय परिवारले संकटका समयमा अधिकतम व्याजमा ऋण सापटीहरू लिएका हुन सक्छन् । अर्कोतर्फ अन्य देश तथा जिल्लाबाट आएर काम गरिरहेका धेरै श्रमिकहरू पुन नफर्किएको अवस्थामा रोजगारी तथा व्यवसायिक क्षेत्रमा श्रम शक्ति कम भएको हुन सक्छ । यस्तो परिस्थितिमा बालबालिका पनि श्रममा लाग्न पर्ने, रोजगारीको खोजीमा अन्यत्र जाने, ऋण तिर्नका लागि बाध्यकारी श्रममा संलग्न हुनपर्ने अवस्था सिर्जना हुन सक्ने तर्फ सचेत रहनु जरूरी हुन्छ ।

**बाल बिज्याइ बढ्न सक्ने:** कोभिड–१९ का कारण उत्पन्न आर्थिक संकट, लामो अवधीसम्म विद्यालबाट टाढा रहेको अवस्थामा किशोरकिशोरीहरू विभिन्न कुलतमा फस्न सक्ने र आफ्नो आवश्यकताका लागि सानातिना चोरी, अपराध एवं ग्यांग फाइट (समूहमा झगडा) जस्ता कार्यहरूमा संलग्न हुन सक्ने जोखिमतालाई ध्यानमा राख्न जरूरी छ ।

**गैरकानूनी रूपमा बालगृहमा भर्ना गर्ने :** कोभिड–१९ का कारण पारिवारिक गरिबी बढेको तथा अविभावकहरूको अशक्तता एवं मृत्यु भएको सन्दर्भमा बालबालिकालाई गैरकानूनी रूपमा बालगृहमा ल्याउने, झुटा कागजहरू बनाई अनाथ प्रमाणित गर्ने, र बालगृहहरूमा राख्ने कार्य हुन सक्नेतर्फ ध्यान दिन जरूरी छ ।

**शैक्षिक निरन्तरताको समस्या :** लामो अवधी विद्यालय जान नपाएका कारण बालबालिकाको सिकाइ कमजोर भएको हुन सक्छ, नियमित रूपमा विद्यालयको कक्षा कोठामा बसेर पढ्ने बानी हटेको हुनसक्छ । यस्तो अवस्थामा बालबालिकालाई तत्कालै नियमित विद्यालय शिक्षण सिकाइ तथा कक्षामा सहभागिता हुन नमान्ने, सिकाइ कमजोर भई विद्यालय छाड्न सक्ने र विद्यालयप्रति वितृष्णा पैदा हुन सक्नेतर्फ पनि ध्यान दिन जरूरी छ ।

**क्वारेन्टाइनमा प्रयोग भएका विद्यालयहरूको पुनः प्रयोग :** कोभिड–१९संकटका समयमा क्वारेन्टाइनका लागि विभिन्न विद्यालयका भवनहरू प्रयोग भएका छन् । पुनर्लाभका समयमा ती विद्यालयका भवनहरूबाट क्वारेन्टाइन सेवा हटाउँदा पर्याप्त रूपमा डिसइन्फेक्सन (निर्मलीकरण) गर्ने, विद्यालयका भौतिक संरचनाहरू ठीक भए नभएको जाँच गर्ने र बालबालिकाको लागि सुरक्षित प्रमाणित नगराई प्रयोग गरिएमा पुन कोरोना संक्रमण फैलन सक्ने वा अन्य जोखिमताहरू आउन सक्छन् ।

**बालबालिकामाझ मानसिक समस्याहरू :** कोभिड–१९ को संक्रमण महामारी नियन्त्रण आएपश्चात पनि बालबालिकामा कोभिड–१९ का कारण मानसिक तनाव, डरत्रासउत्पन्न भइरहेको हुन सक्छ । वा लकडाउनका समयमा भोग्नुपरेका शारीरिक, मानसिक तथा यौन दुर्व्यवहारका कारण मानसिक तनावहरू हुन सक्छ र यसका कारण बालबालिकामा विभिन्न शारीरिक समस्याहरू देखिन सक्छ, जसलाई अन्धविश्वासका आधारमा थप जोखिमपूर्ण अभ्यासहरूबाट सम्बोधन गर्ने कार्य हुन सक्ने खतरालाई पनि ध्यानमा राख्न जरूरी छ ।

## कोभिड–१९ संकट तथा पुनर्लाभ र पुनर्स्थापनाका समयमा बाल संरक्षणका लागि स्थानीय तहले गर्नसक्ने कार्यहरू

**क. कोभिड–१९ को संकटका समयमा**

- स्थानीय बाल समूह तथा प्रहरी, सामुदायिक संस्था र आमा समूहहरूको परिचालन गरी बाल संरक्षणका लागि सुरक्षित अभ्यास र व्यवहारको प्रचार–प्रसार, बाल संरक्षण अनुगमन र प्रतिवेदन तथा पीडित प्रभावित बालबालिकाको सहायता प्रेषण कार्य सञ्चालन गर्ने ।
- अन्यत्रबाट फर्किएर आएका परिवार र बालबालिकाको अभिलेख राख्ने । उनीहरूको अवस्था कोभिड–१९ को जोखिमताका साथै, आर्थिक, सामाजिक संकट र समस्याहरूका बारेमा नियमित अनुगमन गरी जानकारी लिने र सम्बोधन गर्ने ।
- बालबालिका विरूद्ध कुनै पनि हिंसा दुर्व्यवहार भएमा त्यसको सम्बोधनका लागि दुर्घटना व्यवस्थापन प्रणाली स्थापित गरी सक्रिय राख्ने ।
- स्थानीय तहमा रहेका बालश्रमिक, सडक बालबालिका, बालगृहमा आश्रीत बालबालिका तथा स्थानीय तहबाट अन्यत्र गएका बालबालिकाको अवस्थाको बारेमा विशेष जानकारी संकलन गर्ने र उनीहरूको समस्या र जोखिमता सम्बोधन गर्न कार्य गर्ने ।
- विद्यालय शिक्षालाई अनौपचारिक ढंगले नियमितता दिन स्वयं सेवक शिक्षक परिचालन गरी सुरक्षित ढंगले टोल, बस्ती समूह शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- स्थनीय तहमा निर्माण गरिएका क्वोरन्टाइनहरू पुरुष, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएकाहरूका लागि छुट्टा छुटट्रै उनीहरूको मैत्रीपूर्ण ढाँचामा तयार गर्ने र सोही अनुसार प्रयोग गर्ने ।
- क्वारेन्टाइनका लागि अन्य भवन तथा स्थान उपलब्ध भएसम्म विद्यालय भवनलाई प्रयोग नगर्ने । यदी विद्यालय भवन प्रयोग गर्न परेको अवस्थामा सुरक्षाका मापदण्डहरू, बसोबास गर्नेका लागि सुरक्षा आचारसंहिता तयार गरी लागु गर्ने ।
- स्वास्थ्यकर्मीहरूलाई बालमैत्री व्यवहार तथा अभ्यासहरूका बारेमा प्रशिक्षित गर्ने, कार्यविधि एवं आचारसंहिता बनाई लागु गर्ने ।
- गरिबीमा रहेका तथा रोजगारी गुमाई आर्थिक संकटमा धकेलिएका परिवारलाई स्थानीय रोजगारीका कार्यहरूसँग जोड्ने र थप सुविधासहित ज्याला प्रदान गरी विकास र राहतलाई सँगै लैजाने व्यवस्था गर्ने ।
- संकट अवधीभर कोही कसैले अवैधानिक र चर्को व्याजमा ऋण सापटी लगाएमा कानूनी कार्वाही हुने जानकारी सार्वजनिक रूपमा प्रचारप्रसार गर्ने ।
- कोभिड संकटका बारेमा सत्य तथ्य जानकारी, रोकथामका उपायहरू, सरकारबाट भएका प्रयासहरू तथा बालबालिकाको संरक्षणका लागि सुरक्षित अभ्यास र व्यवहार सम्बन्धी जानकारीहरू सामाजिक सञ्जाल, एफ. एम. रेडियो, स्थानीय टेलिभिजन आदिबाट प्रचारप्रसार गर्ने ।

**ख. कोभिड–१९ को संकटपश्चात पुनर्लाभ र पुनर्स्थापनाका समयमा**

- स्थानीय तहको नीति तथा कार्यक्रम, बजेटमा कोरोना संकट पछि परेको आर्थिक र सामाजिक संकटको प्रभाव न्यूनीकरणलाई विशेष सम्बोधन गर्ने ।
- स्थानीय तहबाट बाहिर जाने वा श्रममा प्रवेश गर्ने नयाँ बालबालिकाको अवस्था जाँच गर्ने, ऋण सापटी वा निकृष्ट श्रममा बालबालिकालाई संलग्न गराउन खोजिएको अवस्थामा रोजगारदाता एवं मध्यस्थकर्ता दुवैलाई कानूनी कार्वाहीका लागि सिफारिस गर्ने ।
- बालबालिकामाझ बाल बिज्याइका सम्भावना कम गर्न, विद्यालयमा आकर्षण कायम राख्न सामुदायिक तथा विद्यालयमा खेलकुद, सांसकृतिक एवं पूनर्मिलनका कार्यक्रमहरू गर्ने ।
- जोखिममा रहेका बालबालिकाका लागि विशेष सामाजिक संरक्षणका प्याकेजहरू बनाइ लागु गर्ने ।
- प्रहरी तथा समुदायका अगुवाहरूलाई बाल बिज्याइ र सम्बोधनका विषयमा प्रशिक्षित गरी संवेदनशिल बनाउने ।
- कुनै पनि बालबालिकालाई बालगृहमा लैजान नेपाल सरकार वा अदालतको आदेश बाहेक सिफारिस नदिने नीतिगत व्यवस्था गर्ने ।
- सबै विद्यालयहरूको अनिवार्य निर्मलीकरण, सुरक्षा मापदण्ड जाँच गरी मात्र विद्यालय परिसर बालबालिकाको लागि खुला गर्ने र नियमित पठनपाठन गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय रोजगार सेवा तथा सूचना केन्द्रमार्फत स्थानीय तहमा रहेका सीपयुक्त श्रमशक्तिको तथ्याङ्क लिई स्थानीय विकास योजना, व्यवसाय एवं रोजगारीका क्षेत्रमा तिनै व्यक्तिहरूलाई प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- किशोरकिशोरीलाई प्राविधिक शिक्षाका अवसरहरू धेरै भन्दा धेरै खुला गर्ने र सीपयुक्त १५ वर्ष भन्दा माथि उमेरका किशोरकिशोरीलाई सुरक्षित र कानूनले स्वीकृती दिएको पेशा तथा रोजगारीमा संलग्नताको लागि सहजीकरण गर्ने ।
- नागरिक संगठन, बाल समूह एवं सामुदायिक संस्थाहरूको परिचालन एवं सहभागितामा पुनर्लाभका कार्यहरूलाई सामुदायिक अभियानका रूपमा सञ्चालन गर्ने ।


**थप जानकारी तथा सूचना श्रोत सामाग्रीका लागि**

डि यु कम अभियानको सचिवालय

**स्वतन्त्रता अभियान नेपाल**

बखुन्डोल, ललितपुर

फोन : ०१ ५५४६७४६, ५५४६७९०

इ मेल : swatantrataabhiyan@gmail.com

## Members of DU COM Campaign in Nepal

Swatantrata Abhiyan Nepal, Lalitpur (National Convener)

Saath Saath (Co Convenor)

We for Change, Kathmandu

Children and Women in Social Service and Human Rights (CWISH)

Urban Environment Management Society (UEMS), Lalitpur

AAWAJ, Surkhet

Loo Niva Child Concern Group, Lalitpur

Child Development Society, Kathmandu

Rural Society Upliftment Forum (RUSUF), Banke

Change Nepal, Kathmandu

Aasman Nepal, Dhanusha

Paurakhi, Kathmandu

Jagriti Children and Youth Concern Nepal, Nawalparasi

## Partners in Nepal

TDH Germany, TDH Netherland and TDH Lousanne

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN

Bakhundole, Kupondole, Lalitpur
Tel: : 01-5546746, 01-5546790
E-mail: swatantrataabhiyan@gmail.com
www.swatantrataabhiyan.org